# फलामे सुधारिएको चुलो



फलामद्वारा (धातु) निर्मित दाउरा र समयको बचत हुने दक्ष चुलोहरूलाई फलामे सुधारिएको चुलो भनिन्छ । हाल केन्द्रबाट प्रवर्द्धित विभिन्न प्रकारका फलामे सुधारिएको चुलोहरू उच्च हिमाली क्षेत्रमा खाना पकाउनका साथै कोठा तताउने प्रयोजनको लागी उपयोगी छन् । यसमा धुँवाको निकासका लागी फलामकै चिम्नी, हावाको मात्रा मिलाउन एयरभेन्ट र आगोलाई भाँडासम्म पुऱ्याउन ड्याम्परको व्यवस्था गरिएको हुन्छ ।



## फाइदाहरू

- खाना पकाउन, पानी र कोठा तताउन उपयुक्त
- करीब ४० प्रतिशत दाउरा खपतमा कमी
- उच्च पहाडी र हिमाली क्षेत्रमा निकै लोकप्रिय
- बढी समय टिक्ने
- स्वास्थ्यमा सुधार नपर्ने

## बेफाइदाहरू

- कारखानामा बनाउनु पर्ने र दक्ष जनशक्ति आवश्यक
- ढुवानी गर्नुपर्ने
- तुलनात्मक रूपमा बढी लागत लाग्ने, निश्चित आकार र ढाँचामा मात्र उपलब्ध हुने

## सुधारिएको फलामे चुलोका प्रकारहरू

### १) दुई मुखे वा तीन मुखे फलामको सुधारिएको चुलो

उच्च पहाडी र हिमाली क्षेत्रमा खाना पकाउन र कोठा तताउने प्रयोजनका लागि बजारमा दुई मुखे वा तीन मुखे फलामे सुधारिएको चुलोहरू पाईन्छन् । यी चुलोहरूमा आवश्यक्ता अनुसार तातो पानीको लागी Back Boiler र ट्याङ्की राख्न सकिन्छ । हाल प्रवर्द्धित यी मोडलका चुलाहरू विशेष गरी घरायसी प्रयोजनका लागी उपयुक्त हुन्छ ।

### २)संस्थागत फलामको सुधारिएको चुलो

उच्च पहाडी र हिमाली क्षेत्रमा रहेका चिया पसल, होटेल, विद्यालय, अस्पताल, स्वास्थ्य केन्द्र, धार्मिक स्थल, प्रहरी चौकी तथा सैनिक व्यारेक जस्ता संस्थाहरूमा धेरै मानिसका लागि ठूलो भाँडामा खाना पकाउन र कोठा तताउने प्रयोजनका लागि प्रयोग गरिने फलामे चुलोलाई संस्थागत फलामे सुधारिएको चुलो भनिन्छ ।

### ३) एक वा दुई मुखे फलामको रकेट चुलो

रकेट सिद्धान्तमा आधारित फलामले बनेको एक प्रकारको खाना पकाउने चुलोलाई फलामको रकेट चुलो भनिन्छ । यसको मुख्य विशेषता भनेको नै चुलोको भित्री भागमै लामो ठाडो खालको जलन कक्ष प्रयोग हुनु हो जसले जलन कार्यलाई दक्ष बनाउँछ । रकेट चुलोमा स-साना दाउराको नियन्त्रित प्रयोग गरी हावाको उचित मात्रा मिलाई ज्वलन कक्षमा उच्चतम तापक्रममा दाउरा बालेर भाडोको पिँधमा यथेष्ठ ताप प्राप्त हुन्छ । यस प्रकारको चुलोमा निकै कम मात्रामा धुँवा निस्कन्छ । अन्य चुलोले झै रकेट चुलोबाट खाना पकाउने र कोठा तताउने जस्ता कार्यहरू गर्न सकिन्छ ।

## फलामे सुधारिएको चुलो प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ड्याम्परको सही प्रयोग गर्ने ।
- चुलोमा काम गर्दा चिम्टाको प्रयोग गर्ने ।
- चुलोको प्रयोग नभएको मुखबाट ताप खेर जान नदिन किट्लीमा पानी तताउने ।
- समय समयमा चुलो सफा गरी तेल दल्ने ।







# अनुदानको व्यवस्था

नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधिमा उल्लेख भए अनुसार फलामे चुलोमा अनुदानको व्यवस्था गरिएको छ । वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र मार्फत सुधारिएको फलामे चुलो प्रबर्द्धन गर्न निम्नानुसारको अनुदानको व्यवस्था गरेको छ ।

| प्रकार | अनुदान |
|---|---|
| समुन्द्री सतहबाट १५०० मिटर भन्दा बढी उचाईमा भएका क्षेत्रमा खाना पकाउने र कोठा तताउने प्रयोग हुने एक वा दुई मुखे फलामे सुधारिएको चुलो प्रति चुलो प्रति घरधुरी अधिकतम | रू. ३,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशत भन्दा बढी हुनु हुदैंन। यस खालका चुलोमा नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ को अनुसूची-१ अनुसारका "क" र "ख" वर्गका क्षेत्रका लागि चूल्हो प्रति घरधुरी क्रमशः रू. १००० र रू. ५०० थप अनुदान उपलब्ध गराइनेछ। |
| समुन्द्री सतहबाट १५०० मिटर भन्दा बढी उचाईमा भएका क्षेत्रमा खाना पकाउने र कोठा तताउने प्रयोग हुने तीन मुखे फलामे सुधारिएको चुलो प्रति चुलो प्रति घरधुरी अधिकतम | रू. ४,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशत भन्दा बढी हुनु हुदैंन । यस खालका चुलोमा नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ को अनुसूची-१ अनुसारका "क" र "ख" वर्गका क्षेत्रका लागि चूल्हो प्रति घरधुरी क्रमशः रू. १००० र रू. ५०० थप अनुदान उपलब्ध गराइनेछ। |
| सार्वजनिक स्थल वा संस्थामा खाना पकाउने र कोठा तताउने प्रयोजनका लागि प्रयोग हुने फलामे सुधारिएको चुलो प्रति चुलो अधिकतम | रू. २०,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशत भन्दा बढी हुनु हुदैंन । |
| ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा एक वा दुई मुखे पूर्णरूपमा वा आंशिकरूपमा फलामको रकेट चुलोमा अधिकतम | रू. ३,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशत भन्दा बढी हुनु हुदैंन । |
| ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा एक वा दुई मुखे पूर्णरूपमा वा आंशिकरूपमा फलामे ग्यासिफायर प्रणालीका घरेलु चुलोमा अधिकतम | रू. ४,०००/- तर चुलोको कूल खरिद मूल्यको ५० प्रतिशत भन्दा बढी हुनु हुदैंन । |
| घरायसी फलामको सुधारिएको चुलो जडान गर्न लक्षित लाभान्वित वर्गलाई | रू. १,००० /- अनुदान रकम प्रति चूलो प्रति घरधुरी थप उपलब्ध गराइनेछ । |
| भुकम्प प्रभावित क्षेत्रको लागि फलामे सुधारिएको चुलोको लागी | रू. ८,०००/- तर चुलोको कूल खरिद मूल्यको ८० प्रतिशत भन्दा बढी हुनु हुदैंन । (माथि जुनसुकै कुरा उल्लेख भएतापनि भुकम्प आउनु भन्दा अगाडी नवीकरणीय ऊर्जा प्रणाली वा आयोजनामा अनुदान रकम लिइसकेको र प्रणाली वा आयोजना पूर्ण क्षति भएको घरधुरीको हकमा माथि उल्लेखित अनुदान रकमको ५० प्रतिशत मात्र अनुदान रकम उपलब्ध गराइनेछ ।) |

यदि तपाई पनि अनुदानमा फलामे चुलो खरिद गर्न चाहनुहुन्छ भने आफ्नो नजिकमा रहेका वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रबाट मान्यता प्राप्त उत्पादनकर्ताका शाखा/डिलरहरूमा सम्पर्क राख्न सक्नुहुनेछ ।

नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम/जैविक ऊर्जा सव-कम्पोनेन्ट**
सम्पर्कः पोष्ट बक्स नं.: १४३६४, खुमलटार, ललितपुर, नेपाल, फोन नं. +९७७-१-५५३९३९० फ्याक्सः +९७७-१-५५४२३९७